# अनुदान सम्झौता गरेका घरधनीहरुलाई सूचना

भूकम्प अति प्रभावित उपत्यका बाहिरका ११ जिल्लामा अनुदान पाउने घरधनीहरुको सूची प्रकाशित भई गाविस सचिव वा नगरपालिकामा वडा सचिवले घरधनीहरुसँग अनुदान सम्झौता गरी घरधनीको खातामा रकम जम्मा गर्ने कार्य भइरहेको छ ।

जिल्लाको माग बमोजिम गाविस वा नगरपालिकाको भौगोलिक क्षेत्रको आधारमा सबै बैंक तथा वित्तीय संस्थाहरुको कार्य क्षेत्र छुट्टाई सो को विवरण सम्बद्ध बैंक तथा वित्तीय संस्थाहरुमा पठाइ सकिएको छ । सम्बद्ध बैंक तथा वित्तीय संस्थाहरुले केन्द्रमा नै एकमुष्ट खाता खोली मातहतका आ–आफ्नो शाखाहरुमा विवरण पठाइसकेका छन् ।

अनुदान सम्झौता गरेका घरधनीहरुको विवरण बमोजिम जिल्ला विकास समितिको कार्यालयहरुबाट बैंकमा रकम जम्मा गर्ने गरी आवश्यक व्यवस्था मिलाइएको छ । अनुदान सम्झौता सम्पन्न भएका घरधनीहरुले गाउँ विकास समितिको कार्यालय वा नगरपालिका कार्यालयमासम्पर्क गरी आफ्नो खाता खोलिएको बैंक यकिन गर्न सक्नेछन् । बैंकसँग रकम भुक्तानी लिन अनुदान सम्झौता पत्र र नागरिकताको प्रमाणपत्र सहित सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुमा सम्पर्क गर्नु हुन सम्बन्धित सबैलाई हार्दिक अनुरोध छ ।

**सार्वजनिक हितका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण**